समाज कल्याण परिषद्

केन्द्रीय कार्यालय
पुल्चोक
ललितपुर, नेपाल

पत्र संख्या
च.नं.

## कोभिड-१९ द्रुत प्रतिकार्य समूह परिचालन सम्बन्धी कार्यादेश TOR

विश्वभर फैलिरहेको कोभिड-१९ को दोस्रो लहरले नेपालमा पनि संक्रमित र मृत्यु हुनेहरूको संख्या दिनानुदिन भयावह रूपमा वृद्धि हुँदै गइरहेको छ । अस्पतालहरू कोभिड संक्रमितहरूले भरिभराउ भएका छन् । यस विषम परिस्थितिमा सामाजिक क्षेत्रमा कार्यरत संघसंस्थाहरूलाई अधिकतम् परिचालित गरेर कोरोनाको संक्रमण बढन नदिन र संक्रमित र प्रभावितहरूलाई सहयोग गर्न र कोरोना रोकथाम तथा नियन्त्रणका लागि कार्य गर्न मिति २०७८ बैशाख ३१ गते समाज कल्याण परिषदको आव्हानमा सातै प्रदेशमा बेग्लाबेग्लै जुम बैठकहरू आयोजना गरिएका थिए । ति वैठकहरूमा भएको व्यापक छलफलहरूबाट द्रुत गतिमा प्रतिकार्य कार्यको समन्वय, सहजिकरण गर्नको लागि प्रदेश स्तरिय कोभिड प्रतिकार्य समुहरू गठन गर्नु आवश्यक ठानिएकोले राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूका प्रतिनिधिहरू सम्मिलित **प्रदेश स्तरीय कोभिड प्रतिकार्य समुहहरू** गठन भएका छन् । यी समुहहरूले प्रदेश स्तरमा कोभिड प्रतिकार्यका लागि सामाजिक क्षेत्रमा सक्रिय राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको पहलकदमिमा तत्काल गर्नुपर्ने, अति जरूरी र अन्य महत्वपूर्ण कार्यहरूको आवश्यकता पहिचान गर्ने र ती क्रियाकलापहरूमा सहभागि हुन संघ-संस्थाहरूलाई आव्हान गर्ने, र सोही अनुसारको योजना एवं रिर्पोटिङ्गको लागि महत्वपूर्ण भुमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ । राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूलाई एक-आपसमा वा सम्वन्धीत निकायहरूसंग समन्वय एवं सहकार्यको लागि सहजिकरण गर्ने र प्रतिकार्य कार्यहरूको रिपोर्टीङ्ग संकलन गरि सम्वन्धित निकायमा एवं सबैको जानकारिको लागि सार्वजनिक गर्ने कार्य पनि प्रतिकार्य समुहहरूले गर्नेछन् ।

**(क) जिम्मेवारी :**

१. कोभिड-१९ महामारीको परिस्थितिमा प्रदेशभित्र राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संघ-संस्थाहरूको तदारूकतामा तत्काल गर्नुपर्ने कार्यहरूको सुची तयार गर्ने, सो सुचिलाई सबै संघ-संस्थाहरूबिच पुऱ्याउने र उनिहरूलाई धेरै जिम्मेवारि लिन प्रोत्साहित गर्ने ।

पोष्ट बक्स : २९४८, काठमाडौं, फ्याक्स : +९७७-०१-५५५५७७८
टेलिफोन नं. : ०१-५५५५४९५, ५५५५४४८, ५५५५४९४, ईमेल : info@swc.org.np, Website: www.swc.org.np

२. प्रदेशस्तरका सबै जिल्लाका संक्रमितहरूको यथार्थ अवस्थाको वारेमा अद्यावधिक जानकारी लिने ।

३. प्रतिकार्य कियाकलापहरू सम्वन्धमा गैरसरकारी सामाजिक संघसंस्थाहरूको सूचीसहित कार्य विवरण अद्यावधिक गर्ने ।

४. आवश्यकता अनुसार भर्चुअल वैठक गरी प्रदेश स्तरमा एवं प्रत्येक जिल्लाको लागि कोभिड -१९ रोकथाम तथा प्रतिकार्यको योजना बनाउने ।

५. विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसंग समन्वय गरी एकीकृत रूपमा कार्य योजना कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

६. प्रदेश तथा स्थानीय सरकार, समाज कल्याण परिषद र अन्य सरोकारवाला निकायहरूसंग कोभिड १९ को अति प्रभावित क्षेत्रमा सहयोग पुऱ्याउने व्यवस्थाको लागि सम्बोधन गर्नु पर्ने विषयहरूमा अवगत गर्ने, गराउने ।

७. कोभिड-१९ रोकथाम तथा प्रतिकार्यमा परिषदका प्रदेश स्तरमा समन्वय र सहजीकरणका लागि तोकिनु भएका संयोजकको समन्वय र सम्पर्कमा रही आवश्यक कार्य गर्ने ।

८. कोभिड-१९ संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि तत्काल गर्नुपर्ने कार्यहरूमा एवं दीर्घकालीन सहयोगको लागि परिषद मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

९. कोभिड-१९ अस्पतालहरुमा कोभिड सहायता कक्ष स्थापना गर्न सहजीकरण गर्ने ।

**(ख) कार्य क्षेत्र :**

कोभिड-१९ द्रुत प्रतिकार्य समूह (Covid-19 Rapid Response Team-CRRT) को कार्य क्षेत्र प्रत्येक प्रदेशमा रहेका सवै जिल्ला रहनेछ ।

समाज कल्याण परिषद्सँग आवद्ध तथा अन्य सामाजिक संघसंस्थाहरूलाई नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट तोकिएको कोभिड १९ सहायता सम्बन्धी प्राथमिकताका क्षेत्रहरू तथा

पोष्ट बक्स : २९४८, काठमाडौं, फ्याक्स : +९७७-०१-५५५५७७८
टेलिफोन नं. : ०१-५५५५४९५, ५५५५४४८, ५५५५४९४, ईमेल : info@swc.org.np, Website: www.swc.org.np

समाज कल्याण परिषद्

केन्द्रीय कार्यालय
पुल्चोक
ललितपुर, नेपाल

पत्र संख्या
च.नं.

समाज कल्याण परिषदले निर्देशित गरेको २०७८।१।१९ को सूचनामा उल्लेखित कार्य गर्न सहजीकरण गर्ने ।

(ग) **वैठक संचालन र अभिलेख :**

कोभिड १९ द्रुत प्रतिकार्य समूहको वैठक हप्तामा कम्तीमा एक पटक वस्नेछ । आवस्यकता अनुसार आपतकालीन वैठक वस्न सक्नेछ । वैठकमा हुने छलफलका विषय, प्रस्ताव र अन्य सहयोग दस्तावेजहरू अग्रीम जानकारी गराउनु पर्नेछ । वैठकका निर्णयहरू अभिलेखको रूपमा राख्नु पर्नेछ र सोको जानकारी परिषदबाट तोकिएका प्रदेश संयोजकलाई उपलव्ध गराउनु पर्नेछ । बैठक संचालनका अन्य कार्यविधि द्रुत प्रतिकार्य समूहले आफैं बनाउन सक्नेछ ।

(घ) **संचार :**

कोभिड-१९ द्रुत प्रतिकार्य समूहले आ-आफ्नो प्रदेशका सवै जिल्लासँग समन्वय गर्ने, अन्तरप्रदेश स्तरीय प्रतिकार्य समूह विच सूचना अदान-प्रदान गर्ने, सम्पन्न गरिएका कार्य विवरण अद्यावधिक गर्ने, सरोकारवाला निकायहरू विच कोभिड १९ रोकथाम, नियन्त्रण र प्रतिकार्यमा प्राथमिकताको क्षेत्रमा सहयोग उपलव्ध गराउन छलफल बैठक आयोजना गर्नेछ ।

(ङ) **प्रतिवेदन :**

समाज कल्याण परिषद्द्वारा निर्माण गरिएको अनलाईन कोभिड प्रतिकार्य सूचना/जानकारी प्रणालीमा एकद्वार पद्धति अनुसारको साप्ताहिक प्रगति विवरण पेस गर्न गैसस तथा सामाजिक संघसंस्थाहरूलाई प्रोत्साहन तथा सहजीकरण गर्ने । साथै प्रतिकार्य समूहबाट भएका कार्य संयोजन विवरण समाज कल्याण परिषदलाई उपलव्ध गराउने व्यवस्था गर्नेछ ।

**समाज कल्याण परिषद**

**हरिहरभवन,ललितपुर ।**

पोष्ट बक्स : २९४८, काठमाडौं, फ्याक्स : +९७७-०१-५५५५७७८
टेलिफोन नं. : ०१-५५५५४९५, ५५५५४४८, ५५५५४९४, ईमेल : info@swc.org.np, Website: www.swc.org.np